म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २१५ २०८० असार १५ गते शुक्रबार 30 June 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




# हेटौंडा अस्पतालका कर्मचारीले सहयोग गरेनन्ः मुख्यमन्त्री जम्कट्टेल



*हेटौंडा अस्पतालको आइसीयु कक्षका इन्चार्ज डा. प्रशान्त विडारीलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति एवम् बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले अघिल्लो सरकारले नियुक्त गरेका करारका कर्मचारीले आवश्यक समन्वय नगरेका कारण प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालको सेवा प्रवाहमा समस्या भएको बताउनु भएको छ । हेटौंडामा बिहिबार बिहान भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको तेस्रो वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले राजनीतिक आस्था प्रेरित भएर असहयोग भइरहेको दावी गर्नुभएको छ ।

प्रतिष्ठानमार्फत हेटौंडा अस्पतालमा करारमा नियुक्त कर्मचारीका लागि आगामी आर्थिक वर्ष बजेट विनियोजन नगरिएको भनी आलोचना भइरहेका बेला मुख्यमन्त्री जम्कट्टेलले कर्मचारीलाई इमान्दार भएर काम गर्न आग्रह गर्नु भएको छ। मुख्यमन्त्री जम्कट्टेलले संघीय सरकारबाट सक्दो सहयोग लिने र प्रदेश सरकारको लगानीमा हेटौंडा अस्पतालको विकास गर्ने बताउनुभएको छ । प्रदेश सरकार स्थापित भएसँगै १३ जिल्लाका अस्पतालहरूमा उल्लेख्य सुधार भएको मुख्यमन्त्री जमकट्टेलको भनाइ छ ।

प्रतिष्ठानका उपकुलपति प्राडा विश्वराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री एवम् प्रतिष्ठानका संस्थापक कुलपति डोरमणि पौडेलले हेटौंडा अस्पतालमा सुधार भइरहेको र अस्पतालको सुधारविरुद्ध माफियाहरु लागीपरेको दावी गर्नुभयो ।

प्रतिष्ठानका लागि अस्पताल आवश्यक भएका कारण हेटौंडा अस्पताललाई समेटिएको उल्लेख गर्नुहुँदै पौडेलले जिल्ला अस्पतालबाट प्रतिष्ठान मातहतको अस्पताल निर्माण हुँदा धेरै सुधार भएको बताउनुभयो। निजी अस्पतालमा सेवाग्राही घटेर हेटौंडा अस्पतालमा भीड लागेको उहाँको भनाइ थियो । कार्यक्रममा स्वास्थ्य मन्त्री उत्तम जोशी, सामाजिक विकास मन्त्री कुमारी मुक्तानको पनि आतिथ्य रहेको थियो । वार्षिकोत्सवको अवसरमा आइसीयु इन्चार्ज डा. प्रशान्त बिडारी, स्टाफ नर्स देवकी क्षेत्री, पारामेडिकल सीएमए पविला थापा, कार्यालय सहयोगी हाकु देउला, शिक्षक अजय यादव, चालक गोपाल भण्डारी र सूचना अधिकारी सुलभ सिग्देललाई सम्मान गरिएको थियो । प्रतिष्ठान र हेटौंडा अस्पतालको अवस्थाका बारेमा प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईंले जानकारी दिनु गराउनुभएको थियो। अहिले हेटौंडा अस्पतालमा सवाग्राहीको संख्या उल्लेख्य संख्यामा वृद्धि भइरहेको उहाँले बताउनुभयो ।

## रोटरी क्लबले हेटौंडा अस्पताललाई ८८ लाखको उपकरण हस्तान्तरण

# उपकरणको प्रयोग गर्न चिकित्सकको अभाव



*मुटुसम्बन्धी स्वास्थ्य परीक्षणका लागि आवश्यक उपकरण हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुरले हेटौंडा अस्पतालका लागि मुटुको स्वास्थ्य अवस्थाबारे परीक्षण गर्ने उपकरण हस्तान्तरण गरेको छ । ८८ लाख ६० हजार रुपैयाँ मूल्य बराबरको विभिन्न ६ वटा उपकरण रोटरी क्लबले बिहिबार हेटौंडा अस्पताललाई हस्तान्तरण गरेको हो । क्लबका अध्यक्ष कृष्णबहादुर कार्कीले हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको उपस्थितिमा हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईंलाई उपकरण हस्तान्तरण गर्नुभएको हो ।

रोटरीले टिएमटी स्टेशन, इसीजी मेसिन, होल्टर सिस्टम मेसिन, पोर्टेबल इको-कार्डियो मेसिन, एबीपी मेसिन र कम्प्युटर हस्तान्तरण गरेको हो । अस्पतालले मुटुसम्बन्धी स्वास्थ्य परीक्षण गर्ने उपकरण प्राप्त गरे पनि ती उपकरणको तत्काल भने प्रयोगमा आउने छैन । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाका अनुसार उपकरण प्राप्त भएसँगै पूर्णकालिन चिकित्सक प्राप्त हुने अवस्था नभएका कारण भरतपुरबाट १५ दिनमा एक पटक चिकित्सक बोलाएर स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था मिलाउने तयारी भएको जानकारी दिनुभएको छ । चिकित्सक व्यवस्थापन गर्न सके मुटुको स्वास्थ्य अवस्था परीक्षण गर्ने सेवा विस्तार भएर जाने डा. सापकोटा बताउनुहुन्छ ।

उपकरण हस्तान्तरण कार्यक्रममा सहभागी हेटौंडा उपमहानगरपालिका प्रमुख मीना कुमारी लामाले विषयगत अस्पताल सन्चालन गर्ने अधिकार नभएकै कारण हेटौंडा उपमहानगरले चाहेर पनि प्रसुती अस्पताल स्थापना गर्न नसकेको बताउनुभएको छ । अब हेटौंडा अस्पतालसँग सहकार्य गरेर प्रसुती सेवाको क्षमता बढाउने नगर प्रमुख लामाले बताउनुभएको छ । स्वास्थ्य क्षेत्रमा हेटौंडाको विकास गर्न निजी क्षेत्रको सहयोगप्रति आभार व्यक्त गर्नुहुँदै उपमहानगर निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको उहाँको भनाइ थियो ।

रोटरी क्लबका अन्तर्राष्ट्रिय विभाग प्रमुख रन्जीव श्रेष्ठले मृत्युको प्रमुख कारणमध्ये मुटुसम्बन्धी समस्या प्रमुख रहेको जानकारी दिनुभयो । रोटरी क्लबले अन्तर्राष्ट्रियस्तरबाट सहयोग प्राप्त गरी हेटौंडा अस्पताललाई सहयोग गरेको उहाँले जानकारी दिनुभयो। नवजात शिशुका लागि सघन उपचार कक्ष निर्माणमा पनि सहयोग गर्न सकिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

**Join IT after +2 ???**

**Nepal Top**



**Dinesh Kharel**
CSIT 2078 Batch 89.8%

यस हेटौंडा सिटी कलेजका विद्यार्थी **श्री दिनेश खरेल** त्रिभुवन विश्वविद्यालयले लिएको २०७८ व्याचको -CSIT मा ८९.८ प्रतिशत ल्याई नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

(साथै २०८० को -BSc. CSIT/BCA -T.U. बाट सम्बन्धन प्राप्त)
प्रवेश परीक्षा कक्षा संचालन हुँदैंछ ।)
057526660 /9855077417 /9855067435 /9855069444

# विप्लवका युवा कार्यकर्ताले हेटौंडा बजारको सडकका खाल्डाखुल्डी पुरे



*पारिजातपथको खाल्डाखुल्डी पुर्दै विप्लवका युवा कार्यकर्ता ।*

समाज संवाददाता

हेटौंडाः विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपाल मकवानपुरले बिहिबार बागमती प्रदेशको राजधानी हेटौंडाको मुख्यबजार क्षेत्रका सडकको खाल्डाखुल्डी पुरेका छन् । धेरै समयदेखि बजारक्षेत्रका प्रमुख सडकमा खाल्डाखुल्डी भएर दुर्घटनाको जोखिम रहे पनि उपमहानगरपालिकाको कार्यालयको ध्यान जान नसकिरहेका बेला विप्लवका युवा संगठनले खाल्डाखुल्डी पुरेका हुन् ।

हेटौंडाको स्कुलरोडचोकदेखि शितलमहलचोकसम्मको पारिजातपथ सडकका खाल्डाखुल्डीमा बालुव राखेर पुरिएको छ । युवा संगठनले सम्बन्धित निकायमा पटक-पटक खबरदारी र ध्यानाकर्षण गराउँदा पनि सरोकारवाला निकायले काम नगरेपछि आफ्नै पहलमा उक्त खाडल पुर्ने काम गरेको जनाएको छ ।

युवा संगठन नेपाल मकवानपुरका इन्चार्ज किरण सी, अध्यक्ष सुनिल सी लगायतका युवाले खाल्डाखुल्डी पुर्ने काम गरेका हुन् । नेपाल कम्युनिस्ट पार्टी मकवानपुर जिल्ला सदस्य कैलाश सी, रामजी सी, मोहन सीको पनि उपस्थिति रहेको थियो । अखिल (क्रान्तिकारी) का केन्द्रिय सचिवालय सदस्य तथा नारायणी व्युरो इन्चार्ज विवेक सी, केन्द्रिय सदस्य तथा मकवानपुरका जिल्ला अध्यक्ष सूर्य सीसहित जिल्ला कमिटी सदस्यको सहभागिता रहेको थियो ।

**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज;**

**अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट**



**प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट**

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

**०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७**

# गाउँपालिका कै नमूना विद्यालय बनाउने तयारीमा छौं

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-२ स्थित बंशगोपाल माध्यामिक विद्यालय प्राविधिक शिक्षालयमा नयाँ प्रधानाध्यापक चयन हुनु भएको छ । प्रधानाध्यापकको पदमा बिक्रम चौरेल नियुक्त हुनु भएको हो ।

चौरेल विगत १० वर्षदेखि शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ । विद्यालयले शिक्षकहरुसँग प्रधानाध्यापक छनोटका लागि पाँच वर्षे कार्ययोजना माग गरेको थियो । कार्ययोजना पेश गरेपश्चात् विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र समग्र विद्यालयबाट निर्णय भई प्रधानाध्यापकमा चौरेल नियुक्त हुनुभएको हो। नवनियुक्त प्रधानाध्यापक चौरेलले बंशगोपाल माविलाई गाउँपालिकाकै नमूना विद्यालय बनाउने योजना सुनाउनुभएको छ ।

विद्यालयको शैक्षिक, भौतिक र प्रशासनिक पक्षमा बढी जोड दिने चौरेलले बताउनु भयो । त्यसबाहेक शिक्षकलाई शिक्षण सिकाइ तालिम दिने र बाल अधिकारलाई मनन् गरी कक्षा संचालन गर्ने उहाँले बताउनुभयो । स्थानीय, अभिभावक, शिक्षक र विद्यार्थीको मनोबल कायम राख्ने तथा अभिभावकसँग निरन्तर छलफल र समन्वय गरी अघि बढी विद्यालयलाई उच्चस्थानमा पुऱ्याउनु नै आफ्नो मुख्य उद्देश्य रहेको उहाँले स्पष्ट पार्नुभएको छ ।

## सम्पादकीय

# धान उत्पादन बढाऔं

असार १५ गते नेपालमा राष्ट्रिय धान दिवस मनाइन्छ । आज नेपालभर विभिन्न कार्यक्रम गरेर २० औं राष्ट्रिय धान दिवस मनाइँदैछ । 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि: धान उत्पादनमा वृद्धि' भन्ने मुल नाराका साथ आज राष्ट्रिय धान दिवस मनाइँदैछ । असार १५ लाई परम्परागतरुपमा रोपाईं महोत्सवका रुपमा पनि लिने गरिएको छ । असार १५ मा दही-च्यूरा खाने दिनको रुपमा पनि मनाइने गरिन्छ । सरकारले २०६१ सालदेखि असार १५ लाई राष्ट्रिय धान दिवसको रुपमा मनाउने परम्परा सुरु गरेको हो । नेपालसहित धान खेती गर्ने विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तर्राष्ट्रिय धान वर्ष घोषणा गर्न अनुरोध गरेका थिए । राष्ट्रसंघले धान वर्ष घोषणा गरेपछि नेपालमा २०६१ सालबाट धान दिवस मनाउन थालिएको हो । धान दिवसका दिन विभिन्न जिल्लाका सरकारी निकाय तथा किसानहरु रोपाइँजात्रा मनाउने तयारीमा छन् । तर, यसवर्ष देशका धेरै भागमा पर्याप्त पानी नपरेका कारण धान रोपाईं गर्न किसानलाई समस्या भइरहेको छ । लामो खडेरीले कृषि बालीमा असर परेको अवस्थामा धान रोप्ने बेलामा पनि पर्याप्त पानी नपर्दा किसाको चिन्ता बढेको छ । अर्कोतिर धान खेतीका लागि आवश्यक रासायनिक मलको अभाव उस्तै छ ।

नेपाललाई कृषिप्रधान देश भन्ने गरिन्छ । यहाँका करिब ६० प्रतिशत मानिस कृषिमा आश्रित रहेको तथ्यांक पाइन्छ । कृषिप्रधान देशमा कृषि उत्पादनको अवस्था भने दयनीय छ । कृषियोग्य भूमि घट्दै गएको छ भने खाद्यान्नलगायत कृषि उत्पादनको आयात बढ्दो छ । जलस्रोतमा दोस्रो धनी देश भनिने गरे पनि खेतीयोग्य जमिनमध्ये आधामा पनि सिंचाई सुविधा पुग्न सकेको छैन । कृषि क्षेत्रमा काम गर्ने श्रमिकको अभाव रहेको छ । उन्नत मल-विउको कमीजस्ता कारण धानलगायत अन्य खाद्यान्न उत्पादनमा कमी हुँदै गएको छ । मुख्य खाद्यबालीको रुपमा देशैभर तराई तथा पहाडी क्षेत्रमा धान खेती गरिन्छ । तर, मुलुकको आवश्यकताअनुसारको धान उत्पादन हुन सकिरहेको छैन । नेपालीलाई आफैंले उत्पादन गरेको धानले वर्षभरि भात खान पनि पुग्दैन । अनि विदेशबाट अरबौं रुपियाँको धान, चामल तथा अन्य कृषि उत्पादन आयात गर्नुपर्छ । कृषिप्रधान देश कृषिमै चरम परनिर्भर बन्दै जाँदा पनि तीन तहको सरकारले कृषि क्षेत्रको विकासमा उल्लेख्य काम गर्न सकेको छैन ।

मुलुकको कुल गार्हस्थ उत्पादनमा ३० प्रतिशत हाराहारी योगदान रहेको कृषि क्षेत्रमा असारको रोपाईंले ठूलो अर्थ राख्छ । किनकि कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा धानको हिस्सा निकै बढी रहेको छ । हाल नेपालमा करिब १५ लाख हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । नेपालका मनाङ र मुस्ताङबाहेक अन्य सबै जिल्लामा धानखेती हुने गरेको छ । नेपालमा ३ हजार मिटर उचाइसम्म धान खेती हुने गरेको छ । नेपालको कुल धान खेतीको करिब २१ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा उपलब्ध भएकाले बाँकी क्षेत्र मनसुनमै भर पर्नुपर्ने स्थिति छ । धान उत्पादन कम हुनुको अर्को कारण खेतीयोग्य जमिन 'प्लटिङ' हुँदै जानु र समयमा मनसुनी वर्षा नहुनु हो । हाम्रो कृषि परम्परागत रहेको र नयाँ प्रविधिको प्रयोग नभएकाले आवश्यकताअनुसारको धान उत्पादन हुन सकेको छैन ।

सबैप्रकारका कृषि उत्पादन हुनसक्ने हावापानी रहेको मुलुकमा कृषि उत्पादन घट्दै जानु राम्रो संकेत होइन । सबै कृषिउपजमा आत्मनिर्भर हुन नसकेपनि अत्यावश्यक कृषि उत्पादनमा आत्मनिर्भर बन्न सकेमा आयात कम गर्न सकिन्छ । अर्कोतर्फ खाद्यान्न भनेको धानमात्र हो भन्ने आम नेपालीको मानसिकतामा परिवर्तन गरी सबै प्रकारको खाद्यान्नको उपयोगमा जोड दिनु आवश्यक छ । वर्षेनि धानको उत्पादन कमी हुँदै गइरहँदा असार १५ लाई धान दिवस मनाएर औपचारिकता पूरा गर्नुको खासै औचित्य देखिँदैन । बरु मुख्य-मुख्य बाली लगाउने महिनाको निश्चित दिनलाई दिवसको रुपमा मनाएर सबैप्रकारका बालीको विकास गराउने प्रयास हुनु आवश्यक छ । धान दिवस र रोपाइँ महोत्सव मनाइँदै गर्दा धान खेतीसम्बन्धी विशेष राष्ट्रिय नीति निर्माण गरी धानको उत्पादन बढाउन सरकारले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक र पुण्य काममा सरिक भइने समय छ ।
**वृष** : पढाई– लेखाई अलपत्र बन्ने समय योग छ ।
**मिथुन** : हठ र जिद्धी गर्ने बानी त्याग गर्दा राम्रो हुन्छ ।
**कर्कट** : व्यापार–व्यवसायका कामहरु मध्यमकारक ।
**सिंह** : महत्वकांक्षामा समय व्यतित हुने समय छ ।
**कन्या** : आफन्तले विश्वासघात गर्ने समयको योग छ ।
**तुला** : पढाई– लेखाईका काममा मन जाने समय छ ।
**वृश्चिक** : सामाजिक र राजनैतिक तनाव बढ्ने समय छ ।
**धनु** : पढाई– लेखाईका कामहरुमा असर पर्न सक्छ ।
**मकर** : सामाजिक र परोपकारजन्य काममा विजय प्राप्त होला ।
**कुम्भ** : मुद्धा– मामिलाका कामहरुबाट विजय प्राप्त होला ।
**मीन** : अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त होला

# पूर्वको कोशी आन्दोलन र हिन्दु राष्ट्र नेपाल– एक परिचर्चा



✍ त्रैलोक्य अर्याल

धेरैले भन्ने गर्छन् नेपालमा अमेरिका र चीनको ठूलो स्वार्थ छ । नेपालले सन्तुलित परराष्ट्र नीति अनुसरण नगर्ने हो भने निकै अप्ठ्यारो पर्ने उनीहरू ठान्छन् ।

तर नेपालमा अमेरिकी र चिनियाँ स्वार्थ साँच्चै के हो त भनेर हामी प्रश्न गर्दैनौं । कथंकदाचित प्रश्न गरिहालियो भने उत्तर आउँछ-अमेरिका नेपालबाट चीन घेर्न चाहन्छ। अनि किन घेर्न चाहन्छ त भनेर प्रश्न गर्‍यो भने जवाफ हुन्छ-तिब्बत । अमेरिका नेपाल भूमि प्रयोग गरेर तिब्बतलाई चीनबाट टुक्र्याउन चाहन्छ र चीन त्यो रोक्न ।

तर अब यो ६ दशकदेखि स्थापित भाष्यलाई चिरफार गर्नै पर्ने हुन्छ । कतै हामी विगत ६ दशकदेखि नराम्ररी झुक्किइरहेका त छैनौं ?

सुरु गरौं यो भाष्यको उद्गमबाट । १९५० को अन्त्यदेखि नै अमेरिकी गुप्तचर संस्थाले केही तिब्बती विद्रोहीलाई प्रयोग गरेर चीन विरुद्ध आक्रमण गर्न हतियार र तालिम दिएकै हो । यसमा भारतले पनि अमेरिकालाई सहयोग गरेकै हो। तर के अमेरिकी आशय तिब्बतलाई चीनबाट टुक्र्याउनु नै थियो त ?

अहिले उपलब्ध सूचनाहरूको आधारमा हामी भन्न सक्छौं, थिएन । अमेरिकीहरूलाई यो विद्रोह कुनै पनि रूपमा सफल हुँदैन भनेर सुरु भएको दुई महिना नबित्दै थाहा भइसकेको थियो । त्यतिबेलाका सीआईए एलन डल्सले अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्लाई अप्रिलको अन्त्यमै यो विद्रोह तहसनहस भइसकेको जानकारी दिइसकेका थिए ।

तैपनि सीआईएले दुई वर्ष यो विद्रोह लम्ब्याउन चाह्यो, र त्यतिबेलाका अमेरिकी राष्ट्रपति आइजनहावरले यो विद्रोहले केही उपलब्धि नहुने, झन् यसले तिब्बती माथि चिनियाँ दमन मात्र बढ्ने भनेर टिप्पणी गरेका थिए । यो कुरा जे टेलरले लेखेको 'द जनरालिज्मोः च्याङ काई शेक एन्ड द स्ट्रगल फर मोर्डन चाइना' पुस्तकमा उल्लेख छ ।

तिब्बत बारे धेरै पुस्तक लेखिएका छन् । तर छिरिङ शाक्यको 'ड्रागन इन द ल्यान्ड अफ स्नोज' जस्तो अर्को गहकिलो पुस्तक शायद छैन होला । उनले सबै पक्षका कमी-कमजोरी र गल्तीहरु उजागर गरेका छन् ।

उनका अनुसार १९६० तिर आउँदा खम्पा विद्रोहीलाई कसरी र किन प्रयोग गर्ने भनेर अमेरिकी र भारतीय पक्ष बीच मतान्तर देखिसकिएको थियो। भारतीयहरू तिब्बती विद्रोहीलाई आफ्नो सेनाको युनिट २२ मातहत ल्याएर चीन विरुद्ध लडाईंमा प्रयोग गर्न चाहन्थ्यो । अमेरिका तिब्बती विद्रोहीहरूलाई लामो समय जासुसीको लागि प्रयोग गर्न चाहन्थ्यो ।

१९६० को मध्यतिर अमेरिकाले खम्पाहरूमा लगानी निकै नै कटौती गरिसकेको थियो। १९६८ देखि पूर्ण रुपले बन्द गर्ने भनेर मुस्ताङमा रहेका विद्रोहीहरुलाई प्रष्ट पारिसकेको थियो । हेक्का राख्नुपर्छ, मुस्ताङमा रहेका खम्पालाई अमेरिकाले अन्तिम पल्ट १९६२ मा हतियार उपलब्ध गराएको थियो ।

र यसको कारण थियो, १९६० को सुरुदेखि चीन र सोभियत संघ बीचको विवादलाई अमेरिका आफ्नो हितमा प्रयोग गर्न चाहन्थ्यो । चीनसँग नजिकिएर सोभियत संघलाई दबाबमा राख्ने रणनीति निक्सन र किसिन्जर भन्दा अगाडि नै बनिसकेको थियो ।

अब खम्पा विद्रोहीहरु अमेरिकी स्वार्थको लागि नचाहिने भइसकेका थिए र अमेरिकीहरुले खम्पाहरूलाई तिब्बतमा आक्रमण नगर्न निर्देशन पनि दिएका थिए । फेरि पश्चिम तिब्बतको रखवारी गर्न बसेको चिनियाँ उत्तर-पश्चिम सैनिक डिभिजनको प्रमुख जिम्मेवारी उत्तरतिर सोभियत संघसितको सीमा रक्षा थियो ।

अमेरिका तिब्बतमा चिनियाँ सेनालाई अल्मल्याएर सोभियत संघविरुद्ध चीनलाई कमजोर पार्न चाहँदैनथ्यो तर खम्पा विद्रोहीहरूले मुस्ताङलाई आधार बनाएर तिब्बतमा आक्रमण गर्नेमा अडिग थिए । अमेरिकाले दलाइ लामा मार्फत खम्पाहरूलाई अब चीन विरुद्ध हिंसाको औचित्य छैन भनेर सम्झाउन समेत लगाएको थियो ।

१९७० को दशकमा एसियाली भूराजनीतिमा ठूलै परिवर्तन आइसकेको थियो । भारत र सोभियत संघ बीचको सुरक्षा सम्झौता, चीन र सोभियत संघ बीचको वैमनस्य र बंगलादेशको स्थापनाले चीन र अमेरिका दुवै खम्पा विद्रोह अन्त्य गराउन चाहन्थे ।

अमेरिका कतै विद्रोहीहरू तिब्बती प्रयोग गरेर भारतले चीनलाई दुःख दिने हो कि, अनि चीन र अमेरिका दुवै भारतले दक्षिणएसियाका आफ्नो साझेदार मुलुकहरुलाई टुक्र्याउने हो कि भनेर त्रसित थिए । मुस्ताङमा रहेका खम्पाहरुलाई भारतले प्रयोग गर्ला कि भन्ने डर पनि उनीहरुलाई थियो । त्यसैले अमेरिका र चीन दुवै ती विद्रोहीहरुलाई निरस्त्र वा निर्मूल गर्नुपर्ने निचोडमा पुगिसकेका थिए र फेरि विद्रोहीहरुमा पनि क्षेत्रीय र समूहगत विभाजन भइसकेको थियो ।

राजा महेन्द्रले खम्पा विद्रोहीलाई चलाएनन्, अवश्य पनि उनलाई अमेरिकीहरुले आफ्नो उद्देश्य बारे जानकारी दिएको हुनुपर्छ । उनले चीनलाई पनि स्थिति त्यति नराम्रो छैन, खम्पाहरु कमजोर नै छन् भन्ने सूचना प्रवाह गरेका थिए ।

फेरि १९७० को सुरुवाती वर्षहरुमै अमेरिकी र चिनियाँ सम्बन्ध सुधारोन्मुख थियो । १९६० को अन्त्यदेखि नै अमेरिकी र चिनियाँ अधिकारीहरूको वार्सामा गोप्य कुराकानीको शृंखला पुनर्स्थापित पनि भइसकेको थियो । १९७१ मा तत्कालीन राष्ट्रिय सुरक्षा सल्लाहकार हेनरी किसिन्जर र १९७२ मा राष्ट्रपति निक्सन बेइजिङ भ्रमण गरेर सम्बन्ध सामान्यीकरण गर्ने प्रक्रिया सुरु गरिसकेका थिए। राजा वीरेन्द्रलाई पनि चीन र अमेरिका दुवैलाई घाँडो भएको खम्पा समस्या समाधान गर्न सहज भयो । विद्रोहीहरुको एक समूहले आत्मसमर्पण गर्‍यो, अर्को समूहका सबै मारिए ।

तर हामी खम्पा विद्रोहलाई यसरी भन्दा आफूखुसी ढंगले अमेरिकाले तिब्बत टुक्र्याउन खोजेको थियो, नेपालले आफ्नो सेना परिचालन गरेर त्यसो हुन दिएन भनेर बुझ्छौं । त्यसरी यो घटनालाई परिभाषित गर्दा हाम्रो निकै नै ठूलो भूराजनैतिक महत्व देखिन्छ । अझ हामीले चीनलाई ठूलै गुन लगाएको जस्तो पनि देखिन्छ ।

अन्त्यमा, हालसालै अमेरिकी परराष्ट्र मन्त्री एन्टोनी ब्लिंकेनले चीन भ्रमणको क्रममा अमेरिका स्वतन्त्र ताइवानको पक्षमा नरहेको प्रष्ट पारे । हुन त राजनीतिज्ञ र कूटनीतिज्ञहरुको कुरा आँखा चिम्लेर विश्वास गरिहाल्नु त हुँदैन, तर अमेरिकी परराष्ट्र मन्त्रीको भनाइलाई अविश्वास गर्नुपर्ने कारण त्यति देखिंदैन ।

अमेरिकाले एउटा कुरा राम्ररी बुझेको छ । चिनियाँ कम्युनिस्ट पार्टी सत्तामा र हुन्जेल अमेरिका र चीनबीच लडाईं होला वा नहोला भन्न सकिन्न, तर भोलि कथंकदाचित चिनियाँ कम्युनिस्ट पार्टी आफ्नो भौगोलिक अखण्डताको रक्षा गर्न नसकेर सत्ताच्युत भयो भने, चिनियाँ राष्ट्रवादको बुई चढेर आउने नयाँ नेतृत्वले अमेरिका र चीनको युद्ध गराउँछ, गराउँछ ।

अमेरिका न त्यो युद्ध अहिले चाहन्छ न ६ दशक अघि नै चाहन्थ्यो ।


अब सोचौं, अमेरिकाले नेपालबाट चीनलाई किन घेर्ने ? घेरेर के गर्ने ? तिब्बत टुक्र्याउने अमेरिकी चाहना छैन, न नेपाल चीनको अन्तर्राष्ट्रिय व्यापारको लागि महत्वपूर्ण मुलुक हो। न चीनले नेपालबाट विश्वलाई निर्यात गर्ने हो न नेपालबाट वा नेपालहुँदै आफूलाई चाहिने सामान आयात गर्ने हो ।

नेपालमा अमेरिकी स्वार्थ केवल आफूले अघि सारेका विभिन्न क्षेत्रीय रणनीतिक परियोजनामा नेपालको समर्थन होस् भन्ने मात्र हो । त्यो नेपाल महत्वपूर्ण भएर होइन, केवल उसको समर्थन गर्ने मुलुकहरुको संख्या बढाउनु मात्र हो । र चीनको आशय पनि ठ्याक्कै त्यस्तै हो । ऊ पनि आफ्नो समर्थक बढाउने होडबाजीमा छ। हामी दुवैका लागि फगत एक भोट वा एक संख्या मात्र हौं ।

त्यसैले ऐतिहासिक आधार नभएका ठूला झुटा भाष्य बोकेर हामी आफैंलाई अनावश्यक महत्व नदिऊँ । बरु हाम्रो कमजोरीहरू स्वीकारेर हामी कसरी धनी र सबल हुने र त्यसका लागि अमेरिका र चीनसित कस्तो सम्बन्ध राख्ने, उनीहरुबाट के यथार्थ आधारित आशा राख्ने वा नराख्ने भनेर सोच्ने कि ?

*(स्रोतः अनलाईनखबर)*

# उपनिवेश अभ्यास : समुद्र र संस्कृतिका माध्यमबाट साम्राज्य



✍ गोविन्द पौडेल

उपनिवेशसँग सम्बन्धित गतिविधिको लामो इतिहास छ । अहिले हामीसँग विशेषतः युरोपेली उपनिवेशका आर्थिक, सामाजिक अनि सांस्कृतिक आयाम बुझ्न प्रयत्न गरिएका थुप्रै सामग्री छन्। उपनिवेश र साम्राज्य एक अर्कासँग नजिकैको सम्बन्ध राख्ने शब्द हुन् । यी दुवै शब्दले शक्तिशाली मुलुकले कमजोर मानिएका मुलुकमाथि कुनै पनि प्रयत्नद्वारा नियन्त्रण राखिरहने प्रक्रिया र अभ्यासलाई जनाउँछन् ।

शक्तिशाली मुलुकका शासक र तिनका संयन्त्र एक वा अनेक सञ्जालद्वारा निर्देशित भई अन्य मुलुकमाथि शोषण र आधिपत्यका जन्जिर बाँधिरहेका हुन्छन् । साम्राज्यहरु आधुनिक इतिहास सुरु हुनुभन्दा अगाडि पनि प्रशस्त मात्रामा खडा गरिएका थिए ।

खासगरी आर्थिक र व्यापारिक महत्वाकाङ्क्षाका कारण आफ्नो मुलुकको सीमाभन्दा बाहिर भौगोलिक एकीकरण र आर्थिक लाभका निमित्त सैनिक शक्ति परिचालन गरी अन्य भूगोलको जमिन हडप्न केन्द्रीय शासकलाई प्रेरित गर्थ्यो । यो प्रेरणा सामन्तवादकालीन सैन्य सुदृढीकरण हुँदा ज्यादा मुखरित भएको थियो । रोमन साम्राज्य, मङ्गोलियन साम्राज्य, पर्सियन साम्राज्य, इजिप्सियन साम्राज्य आदि यस्ता राज्यका उदाहरण हुन् । यिनै राज्यको आधिपत्य कायम रहेका बेला धार्मिक र सांस्कृतिक मूल्य पद्धतिमा कठोरता ल्याउन आवश्यक भएको हुँदा धार्मिक जटिलता र सांस्कृतिक मूल्य प्रणालीको व्यापकतालाई विशेष जोड दिइएको थियो ।

तिनै साम्राज्यहरु विस्तारकै क्रममा 'कोलोनाइजर' र 'कोलोनाइज्ड'को सांस्कृतिक भिन्नताको पहिचान हुन गई ऊँच र नीच संस्कृतिको अवधारणात्मक वस्तु निर्माण भएको थियो । यही समयमा सांस्कृतिक पुनर्परिभाषा र नवीकरण व्यापक मात्रामा भएको थियो ।

वास्तवमा पराधीन मुलुकका मानिसले आफ्नो संस्कृतिलाई हृदयदेखि नीच र तुच्छ संस्कृतिको रूपमा लिने मनोविज्ञान निर्माण गरिएको थियो। पराधीन मुलुकका मानिसले आफ्ना सांस्कृतिक अभ्यासलाई विजेता मुलुकको मापदण्डका आधारमा हेर्ने बाह्य दृष्टिकोण निर्माण गर्न थालेका थिए ।

साम्राज्यवादको स्थापनाका सिलसिलामा स्थापित भएको भाष्य नै उपनिवेशवादी संस्कृति निर्माणको पहिलो विजय यात्राको कसौटी बनेको थियो । आधुनिक युरोपेली उपनिवेशवादको सक्कली मुहार प्रकट भएपछि 'कोलोनाइजर' र 'कोलोनाइज्ड'हरुबीचको अतिरिक्त भिन्नता जातीय र लैङ्गिक अनि सघन रूपमा कलर र जातीय श्रेष्ठताका आधारमा अझै घनीभूत भएको थियो ।

वास्तवमा पुराना साम्राज्यवादी शक्तिहरु भौगोलिक महत्वाकांक्षाबाट बढी प्रेरित थिए भने आधुनिक युरोपेली साम्राज्यवादी शक्तिहरु तीव्र गतिमा उपनिवेश निर्माण गर्ने सांस्कृतिक महत्त्वकांक्षाबाट प्रेरित थिए । पुराना साम्राज्यवादी शक्तिहरु मूलतः सामन्तवादी सोपान तन्त्रलाई निरन्तरता दिने गैरपुँजीवादी शक्तिको वकालत गर्दथे ।

युरोपेली उपनिवेशवाद अचाक्ली नश्लीय ढाँचामा स्थापना भएको देखिन्छ र कथित आधुनिक भनिएको उपनिवेशवादले पनि वर्ण रङ र नश्ललाई नै ज्यादा प्राथमिकता दिएको थियो । १५औं शताब्दीबाट सुरु भएको युरोपेली उपनिवेशवाद आफैंमा एउटा अनौठो किसिमको मिश्रित बनावट भएको सांस्कृतिक आधिपत्यको शक्तिशाली औजार थियो, जसमा पुरानो सामन्तवाद र हुर्कदै गरेको व्यापारिक पुँजीवादको मिश्रण हालिएको थियो। यस्ता किसिमका साम्राज्यवादी शक्तिहरु चीनको साम्राज्य र रसियाको साम्राज्यमा राम्रैसँग मिसिएका थिए भनिन्छ ।

तथाकथित आधुनिक युरोपेली उपनिवेशवादी शक्तिहरु जमिनसँग भन्दा ज्यादा समुद्रसँग सम्बन्धित औजारहरु प्रयोग गरी हुर्किरहेका थिए, जसले गर्दा

...बाँकी पृष्ठ ३ मा

# रोबोटिक्स र अटोमेसन कार्यशाला हुने

समाज संवाददाता

हेटौंडा: एस्ट्रोनोभा फाउन्डेसन नेपालको आयोजनामा ९ दिने रोबोटिक्स र अटोमेसन कार्यशाला हुने भएको छ । बिहीबार पत्रकार भेटघाट कार्यक्रममार्फत् बागमती प्रदेशको राजधानी हेटौंडामा यही असार १८ गतेदेखि २६ गतेसम्म रोबोटिक्स र अटोमेसन कार्यशाला आयोजना गर्न लागिएको बताइएको छ ।

हेटौंडा उपमहानगरपालिकाभित्रका विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी उक्त कार्यशाला आयोजना गर्न लागिएको एस्ट्रोनोभा फाउन्डेसन नेपालका अध्यक्ष नेत्रप्रसाद बास्तोला (किसन)ले जानकारी दिनुभयो । साहित्य संगम मकवानपुरको सभाहलमा आयोजना हुने उक्त कार्यशालामा उपमहानगरभित्रका सामुदायिक र संस्थागत विद्यालयका २० जना विद्यार्थी सहभागी हुने उहाँले बताउनुभयो ।

रोबोटिक्स र अटोमेसनका प्रशिक्षक अनुज अधिकारी र सुजन दाहालको समूहले कार्यशालालाई सहजीकरण गर्नुहुनेछ । हेटौंडाको शैक्षिक, सामाजिक, आर्थिक अवस्थामा आमूल परिवर्तन गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताइएको छ । विभिन्न विधामा उत्कृष्ट क्षमता भएका विद्यार्थीलाई सहजीकरणका लागि सहयोग पुग्ने बताइएको छ ।

हेटौंडाका विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका विद्यार्थीहरूलाई एउटै मालामा गाँसी उनीहरुको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि, सिर्जनशीलता, उद्यमशीलता, क्षमता विकास र उत्पादनशीलतामा जोड दिन कार्यशालाबाट सहयोग पुग्ने बास्तोलाको धारणा छ । बदलिँदो विश्व परिवेशअनुकूल चल्नका लागि विज्ञान, प्रविधि, नवप्रवर्तन, गणित, अनुसन्धान, स्टार्टअप र रोजगारी विकासका क्षेत्रमा नयाँ आयाम स्थापित गरी दूरगामी लक्ष्यका साथ यस क्षेत्रको सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने उद्देश्य संस्थाको रहेको उहाँले जानकारी दिनुभयो ।

एस्ट्रोनोभा फाउन्डेसन नेपालले हेटौंडामा विगतमा यस्ता कार्यक्रम गरिरहेको उहाँले बताउनुभयो । एस्ट्रोनोभा फाउन्डेसन नेपालले काम गर्न खोजेको स्पेस टाइम इजुटेन्टमेन्ट लार्नी भार्स इमेजिन एक्स नामक महत्वाकांक्षी परियोजना सञ्चालन गर्नका लागि पनि आवश्यक प्रक्रिया अघि बढिरहेको फाउन्डेसनका उपाध्यक्ष चिरञ्जीवी लामिछानेले जानकारी दिनुभयो । शिक्षा क्षेत्रमा दशकदेखि विभिन्न निकायमा प्रत्यक्षरुपमा संलग्न तथा अनुभव प्राप्त विविध क्षेत्रका प्राज्ञिक तथा विज्ञ व्यक्तिहरुको बीचमा विचार-विमर्श, अध्ययन तथा अनुसन्धानपश्चात् हेटौंडामा काम गर्ने गरी यसको अवधारणा अघि सारिएको उहाँको भनाइ छ । पत्रकार भेटघाट कार्यक्रममा अध्यक्ष बास्तोला, उपाध्यक्ष गहन खतिवडा, महासचिव लामिछाने, सचिव स्वस्तिका बानियाँ, कोषाध्यक्ष आयुष बस्नेत, सहकोषाध्यक्ष ऐश्वर्य पुलामीलगायतको उपस्थिति थियो ।

# जनप्रतिनिधि र सञ्चारकर्मीबीच अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिकामा जनप्रतिनिधि र सञ्चारकर्मीबीच अन्तरक्रिया कार्यक्रम भएको छ । बिहीबार नेपाल पत्रकार महासंघ मकवनपुरको आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवनपुरका अध्यक्ष मणिराज गौतमको सभाध्यक्षता तथा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवनपुरका उपाध्यक्ष ध्रुव अधिकारीले मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षमा महासंघलाई ३ लाख रुपैयाँ बजेट प्रदान गरेको बताउँदै उक्त रकमबाट महासंघमा आवश्यक सामग्री खरिद गरिने जानकारी दिनुभयो ।

गाउँपालिका र सञ्चारकर्मीबीच सहजताका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको उहाँको भनाइ थियो । कार्यक्रममा मनहरी-९ का वडा अध्यक्ष राजकुमार श्रेष्ठले केही सञ्चारकर्मीहरु शुभकामनाको बिलमात्र लिएर आउने गरेको र पालिकामा भएका कामको बारेमा कुनै चासो नराख्ने गरेको गुनासो गर्नुभएको थियो । वडामा आफू निर्वाचित भएर आएपछि भौतिक पूर्वाधार विकासमात्र नभई शिक्षा, स्वास्थ्यको क्षेत्रमा उच्च बजेट विनियोजन गरेको श्रेष्ठले बताउनुभयो ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन श्रेष्ठले पालिकाले शिक्षा क्षेत्रको ८० प्रतिशत बजेट निकासा गरिसकेको बताउँदै चालु आर्थिक वर्षमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षकको रुपमा छनौट भई शिक्षा विकास तथा समन्वय इकाईबाट सिफारिस भएका २३ जना शिक्षकलाई पदस्थापन गराइएको जानकारी गराउनुभयो । कार्यपालिका बैठकमा २५ वटा कार्यविधि पेश भएको र ६ वटा कार्यविधि संशोधन भएको उहाँले जानकारी दिनुभयो ।

पालिकाले स्वस्थ्य क्षेत्रमा विकास गर्दै २ हजार परिवारलाई पालिकाको आर्थिक सहयोगमा स्वस्थ्य बीमा गराएको उहाँले बताउनुभयो । अन्तरक्रियाको क्रममा संञ्चार कर्मीहरुले पालिकाले नीतिगत भ्रष्टाचार गरेको बताउँदै सूचना माग्दा नदिएको आरोप लगाएका थिए । पालिकाले आफ्नालाई मात्र विज्ञापन दिएको भन्दै विज्ञापनमा एकद्वार कायम गर्नुपर्ने बताएका थिए । मनहरी गाउँपालिकामा बेरुजु रकम कति घट्यो ? भनि प्रश्न गरेका थिए । पालिकाले इन्धनको लेखाजोखा नराख्ने गरेकाले भ्रष्टाचार भएको भन्दै सञ्चारकर्मीले जिज्ञासा राखेका थिए ।

गाउँपालिका अध्यक्ष कालाखेतीले काम गर्दै जाँदा आरोप-पत्यारोप लाग्ने गरेको र आरोपले गर्दा काममा सजगता अपनाइने बताउँदै जनप्रतिधिले गरेको काम जनताले थाहा पाउनुपर्ने बताउनुभयो । आफूले पालिकामा १५ दिनमा कर्मचारीहरुसँग भेला गर्ने गरेको बताउँदै पालिकाबाट कुनै नराम्रा गतिविधि नभएको बताउनुभयो । नराम्रो काम गर्ने कर्मचारीलाई पालिकामा राख्न नसक्ने धारणा उहाँले राख्नुभयो । पालिकाको सेवा सुविधा आफूले नलिई अध्यक्षकोष खडा गरी गरिबका लागि खर्च गरेको बताउनुभयो ।

# नवप्रवर्तन उद्यमी विकास सम्मेलन सुरु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको राजधानी हेटौंडामा २ दिने नवप्रवर्तन उद्यमी विकास सम्मेलन सुरु भएको छ । नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश, प्रदेश महिला उद्यमी समितिको आयोजना तथा बागमती प्रदेशको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको सहकार्यमा बिहीबारदेखि सम्मेलन सुरु भएको हो ।

मिहिनेत, सृजना, उत्पादन र वस्तु प्रयोग मेरै नेपालको, नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं भन्ने उद्देश्यले सम्मेलन सुरु भएको हो । सम्मेलनमा मन्तव्य राख्नुहुँदै पर्यटन, उद्योग तथा सहकारी मन्त्री पुकार महर्जनले घरेलु तथा साना उद्योगका उद्यमीहरुको प्रोत्साहनका लागि नीति तथा नियमावली संशोधन गरिने प्रतिबद्धता जनाउनुभयो । नवप्रवर्तकहरुको प्रवेशलाई प्रोत्साहन र उत्प्रेरणाका लागि सम्मेलन सार्थक हुने विश्वास मन्त्री महर्जनले व्यक्त गर्नुभयो ।

उहाँले मुख्यमन्त्री र मन्त्री फेर्नु स्वभाविक रहेको बताउनुहुँदै ऐन, नीति नियमसँग सरोकार हुनुपर्ने विषय रहेको बताउनुभयो । 'कुनै कसर नराखी नीति नियम निर्माण गर्नुपर्छ', मन्त्री महर्जनले भन्नुभयो- 'मन्त्रालयमा जोकोही आएपनि फरक पर्दैन ।' घरेलु तथा साना उद्यमीहरुको पहिचान स्थापित गर्न प्रचारप्रसार र प्रवर्धन गर्न जरुरी रहेको उहाँको भनाइ छ । आगामी दिनमा उद्यमीहरुसँग सहयोग, सल्लाह र सुझाव लिएर उद्यमीहरुको प्रवर्धन गर्न र उद्योगको प्रचारप्रसारका गर्न मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता मन्त्री महर्जनले व्यक्त गर्नुभयो । महिला उद्यमीहरुका लागि यसवर्ष तालिमदेखि प्रविधि हस्तान्तरणका कार्यक्रम रहेको जानकारी गराउनुहुँदै कुनै न कुनै किसिमले प्रोत्साहन गर्ने बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश अध्यक्ष तारानाथ चौलागाईंले उद्यम प्रबर्द्धनका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो । मुलुकमा स्थानीय उत्पादनका लागि स्रोत/साधन उपयुक्त नहुने र बाहिरबाट आयात गर्दा सामानको कर बढी लाग्ने समस्यालाई रोक्न सम्मेलन सहयोगी हुने उहाँको भनाइ छ । उद्यमी, व्यवसायीलाई हुने कठिनाई न्यूनीकरण कसरी गर्ने भन्ने विषयमा सम्मेलनमा छलफल गरिने उहाँले जानकारी दिनुभयो । समस्या समाधानको निचोड निकालेर बागमती प्रदेशको राजधानी हेटौंडाबाट नवप्रवर्तन उद्यमी विकास घोषणापत्र सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले समृद्धशाली उद्यमी कसरी व्यवस्थापन गर्ने विषयमा सम्मेलनको ध्यानाकर्षण हुने बताउनुभयो । बागमती प्रदेशमा ठूलाठूला औद्योगिक प्रतिष्ठानहरु रहेकाले समयसापेक्ष उद्योगको विकासमा जोड दिनुपर्ने बताउनुभयो । जसको सिको गर्दै अन्य प्रदेशले पनि सोही दिशाको विकासलाई जोड दिने उहाँको धारणा छ । नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश अध्यक्ष चौलागाईको सभाध्यक्ष तथा पर्यटन, उद्योग तथा सहकारी मन्त्री महर्जनको प्रमुख आतिथ्यमा सुरु भएको सम्मेलन शुक्रबारसम्म सञ्चालन हुनेछ । कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय अध्यक्ष उमेशप्रसाद सिंह, बकैया गाउँपालिका प्रमुख धर्मराज लामिछानेलगायतको उपस्थिति थियो ।


## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :२०८०/०३/१५

यस कार्यालयद्वारा प्रकाशित तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका दरभाउपत्रहरु मध्ये न्युनतम अकं मूल्याङ्कित भई सारभूतरुपमा प्रभावग्राही तपशिलको दरभाउपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद नियमावली २०८४ (संशोधन सहित) को नियम १० को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | दरभाउपत्र दाताको नाम | कबोल रकम |
|---|---|---|---|
| 1. | Supply, Delivery & Installation of ICT Lab Equipment PRO/RAK/SQ/05–079/80 | M/S A to Z Suppliers, Hetauda–5, Makawanpur Rs. 10,80006.54 | (Including VAT) |

प्रमुख प्रशासकीय अधिकृत



# मकवानपुर बालविद्या सदन
## हेटौंडा-१८, खड्कुले
## हाम्रो रमाइलो विदा ।





विवश घलान

मेरो घर बकैया गाउँपालिकाको कर्मचुलीमा हो । मकवानपुर बालविद्या सदनमा छात्रवासमा बसेर पढ्छु । विदामा घर जान्छु । तर यो पटक ईदको विदामा प्रिन्सिपल सरले घुमाउन लान्छु भन्नु भएकोले गर्दा हामी घर गएनौं । बिहिबार सरसँगै घुम्न गयौं । विद्यालयबाट पहिले हामी सरको घरमा गयौं । त्यहाँ हामीले फलफूल खायौं र करिब १ बजेतिर हामी म्याजिक गाडी चढेर घुम्न निक्लियौं । सबैभन्दा पहिले हेटौंडा औद्योगिक क्षेत्र पुग्यौं र त्यहाँ रहेको भ्याली पेलेट फिड प्रालि भन्ने कुखुराको दाना बनाउने उद्योग घुम्यौं । उद्योगमा हामी गाडिको तौल गरेको देख्यौं । उद्योग भित्र साह्रै राम्रो बगैंचा रहेछ । मलाई मनपर्‍यो । सरले हाम्रो फोटो पनि खिच्नुभयो । हाम्रो कुखुराले खाने दाना कसरी बन्दो रहेछ भन्नेकुरा हामीले त्यहाँ थाहा पायौं ।

हामी भाटभटेनी पनि गयौं । आइसक्रिम र चकलेट पनि खायौं । किताबघरमा गएर किताब पनि पढ्यौं । तर मलाई आज सबैभन्दा मज्जा र खुसी चैं स्केटिङ खेल्न पाउँदा आएको थियो । स्केटिङ खेल्न शुरुम डर लागेको थियो तर सरले सम्झाउनु भएपछि खेलें । धेरैपटक लडें । पछि विस्तारै खेल्न जानेपछि खेलिरहन पाए हुन्थ्यो भन्ने लाग्यो ।



प्रविण दर्लामी मगर

म पनि बकैया कर्मचुली मै बस्छु । अहिले मकवानपुर बालविद्या सदनमा पढ्छु । होस्टल मै बस्छु । बिहिबार हामी हाम्रो भान्छे दिदीसँग साढे ११ बजेतिर विद्यालयबाट घुम्न भनेर हिंड्यौं । वहाँले सरको घरसम्म पुर्‍याई दिनुभयो । त्यसपछि दाना फ्याक्ट्री, लुगा बनाउने ठाउँ, भाटभटेनी, पुष्पलाल पार्क घुम्न गयौं । स्केटिङ पनि खेल्यौं । मलाई स्केटिङ खेल्न धेरै मज्जा आयो । हामीले म:म र सेकुवा खाजा खायौं । किताब पसलमा गएर एक घण्टा जति किताब पढ्यौं । भाटभटेनीमा सरले हामीलाई तरकारीको नामहरु अंग्रेजीमा भन्न सिकाउनुभयो । मान्छेलाई आफैं माथि लाने र तल ल्याउने भर्‍याङमा हामी धेरैपटक ओहोर-दोहोर गर्‍यौं । सरले चढ्ने र ओर्लने तरिका सिकाउनुभयो । शुरुमा म डराएको थिएँ । तर पछि चढ्न ओर्लन डर लागेन ।

वसन्त दर्लामी मगर :

मेरो घर पनि विवश र प्रविणको घरसँगै हो । खासमा मलाई घुम्न जान मन लागेको थिएन । घरको याद आएर घरमै जाउँ जस्तो लागेको थियो । तर दुईजना साथीहरु चैं घुम्न जाने भएपछि म पनि घुम्न हिँडे । सरसँग धेरै ठाउँ घुम्दा मलाई साह्रै रमाइलो भयो । बजारमा गर्मी भएर सरले आफ्नो साथीको लुगा बनाउने अफिसमा लिएर जानुभयो । त्यहाँ चिसो थियो । सरले हामीलाई फुटबल खेल्न मन लाग्ने कुरा त्यो अफिसको अंकलसँग भन्नुभयो । त्यसपछि वहाँले हामीलाई धेरै कुरा सोध्नु भयो । कुन विषय मनपर्छ भनेर सोध्दा हामी तीनैजनाले गणित मनपर्छ भन्यौं । वहाँले हामीलाई फुटबल खेल्ने जर्सीको सेट, जुत्ता र फुटबल पनि दिन्छु भन्नुभएको छ । अलि चिसो भएपछि हामी त्यहाँबाट गयौं । स्केटिङ खेल्न पाउँदा धेरै खुसी भएँ । भाटभटेनीको छतको सबैभन्दा माथि मौरीले दुई ठाउँमा घार बनाएको रहेछ । एउटा घार ठूलो थियो अनि अर्को चैं सानो थियो । त्यो घारमा धेरै मह थियो जस्तो लाग्छ । पुष्पलाल पार्कमा पनि गयौं त्यहाँ म पहिला पनि गएको थिएँ । त्यहाँ गोल्डेन रंगको ठुलो माछा छ । अनि सानासाना माछा पनि धेरै छ । मैले किताबघरमा गएर "हजुरआमाको रिस" भन्ने किताब पढें । त्यसपछि हामी अटो चढेर घर आयौं । घर आउँदा करिब साढे सात बजेको थियो ।


## उपनिवेश अभ्यास...

युरोपेली उपनिवेशवादी शक्तिलाई आफ्नो देशको सीमा पार गरी अन्य नयाँ भौगोलिक क्षेत्रहरूमा उपनिवेश कायम गर्न धेरै सजिलो भएको थियो । सामुद्रिक शक्ति प्रयोग गरी स्थापना गरिएका उपनिवेशहरुमा बिल्कुलै नयाँ र नौला किसिमका सांस्कृतिक अभ्यास पुनरुत्पादन गरियो । उपनिवेशको यस्तो आयामबाट युरोपेलीको र जनसङ्ख्याको आकार र फैलावट विश्वभरि नै अनौठो किसिमले हुन पुग्यो ।

सामुद्रिक शक्तिका आधारमा फैलिएको युरोपेली उपनिवेशवादले नितान्त नौला सांस्कृतिक संघटकहरूको निर्माण गरायो । यति मात्र होइन उपनिवेशवाद विरुद्धका नौला किसिमका आन्दोलन, प्रतिरोध, प्रयोग र विचारधाराहरु पनि देखापर्न थालेका थिए ।

पूर्वआधुनिक स्पेनिस र पोर्चुगिज उपनिवेशहरु पराधीन मुलुकमाथिको लुटपाट र दमनमाथि आधारित थिए । स्पेनिस र पोर्चुगिजहरूले दक्षिण अमेरिकामा शोषण दमन र लुटपाटबाट आफ्नो आधिपत्य कायम गर्न भरमग्दुर कोसिस गरेका थिए । (स्रोत: रातोपाटी)


इन्द्रसरोवर गाउँपालिका भएर बग्ने सुकौरा खोला, कुलेखानी खोला (कल्लेरी देखि डोडारे, डोडारे देखि वडा नं. २ को सिमानासम्म तथा शेराको बगर क्षेत्र, ठुलो चौर, ह्वाङ्ह्वाङ् दुलो, कोल्चौर, कुन्टार) बाट दिगो तथा वातावरणमैत्री ढंगले नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन कार्यको

### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०३/१५ गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिकामा, इन्द्रसरोवर गाउँपालिका द्वारा निम्न बमोजिमको प्रस्ताब कार्यान्वन गर्न लागिएको छ ।

प्रस्तावकको नाम/ठेगाना: इन्द्रसरोवर गाउँकार्यपालीकाको कार्यालय, इन्द्रसरोवर गाँउपालिका वाड नं. २, कुलेखानी, मकवानपुर ।

**प्रस्तावको नाम, प्रस्तावित आयोजनाहरूबाट वातावरणीय प्रभाव पर्न सक्ने जिल्ला, गाउपालिका, तथा वडाहरु :**

| क्र.सं. | प्रस्तावको नाम | जिल्ला | प्रभाव पर्ने गाउँपालिका | प्रभाव पर्ने वडाहरु |
|---|---|---|---|---|
| १ | इन्द्रसरोवर गाउँपालिका भएर बग्ने सुकौरा खोला, कुलेखानी खोला (कल्लेरी देखि डोडारे, ठुलोचौर, डोडारे देखि वडा नं. २ को सिमानासम्म तथा शेराको बगर क्षेत्र, ह्वाङ्ह्वाङ् दुलो, कोल्चौर, कुन्टार) बाट दिगो तथा वातावरणमैत्री ढंगले नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन कार्य | मकवानपुर | इन्द्रसरोवर | १, २ र ३ |

सो प्रस्तावहरू कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्तावहरु कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक प्रणाली, साँस्कृतिक प्रणाली, जैविक प्रणाली, आर्थिक तथा सामाजिक प्रणाली, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तर-सम्बधमा के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्तावहरू प्रभावित क्षेत्रमा पर्ने गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २ (अनसुची ९) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

**प्रस्तावकको नाम/ठेगाना**
इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालय, इन्द्रसरोवर गाँउपालिका वाड नं. २, कुलेखानी, मकवानपुर
इमेल: info.indrasarowar@gmail.com
indrasarowarmunmun@gmail.com

**परामर्शदाता**
डेल्टा इनिसियटिभ इन्जिनिरिङ प्रा. लि.
ठेगाना: नक्साल, काठमाण्डौ
फोन न: ९८५११६७७८९
इ-मेल: adeltainitiative@gmail.com

# पदक विजेता खेलाडीलाई नगदसहित सम्मान



पदक विजेता खेलाडीलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश खेलकुदमा पदक विजेता खेलाडीलाई मकवानपुर जिल्ला खेलकुद विकास समितिले नगदसहित सम्मान गरेको छ । बिहिबार बिहान कार्यालय परिसरमा एक समारोहका बीच सम्मान गरेको हो ।

हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा ८५ जना खेलाडीसहित १६ जना प्रशिक्षक र १६ जना व्यवस्थापकलाई पनि सम्मान गरिएको हो । दोस्रो बागमती प्रदेश खेलकुदमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई क्रमशः २ हजार, १ हजार ५ सय र १ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको हो ।

खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सम्मान गर्न हेटौँडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयले १ लाख रुपैयाँ उपलब्ध गराएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीले जानकारी दिनुभयो । पदक विजेता खेलाडीलाई प्रोत्साहित गर्न नगदसहित सम्मान गर्न एक लाख ५० हजार रुपैयाँ खर्च भएको जानकारी दिनुहुँदै ५० हजार रुपैयाँ खेलकुद विकास समितिकै बजेट खर्च गरिएको उहाँले बताउनुभयो ।

दोस्रो बागमती प्रदेश खेलकुद गत जेठ ७ गतेदेखि १३ गतेसम्म भएको थियो । जिल्ला खेलकुद विकास समितिले प्रदेश खेलकुदमा सहभागी हुने खेलाडीलाई बन्द प्रशिक्षणमा समेत राखेको थियो । सम्मान कार्यक्रममा अध्यक्ष खड्गीले राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा राम्रो नतीजा हासिल गर्न खेलाडीलाई नियमित प्रशिक्षणको अवसर प्रदान गर्नुपर्ने, प्रतियोगितामा सहभागी हुनुअघि बन्दप्रशिक्षणमा राख्नुपर्ने बताउनुभएको छ ।

# जनआन्दोलनका घाइते तिवारी सम्मानित



समाज संवाददाता

हेटौँडाः जननेता मदन भण्डारीको जन्मजयन्तीको अवसरमा मकवानपुरका जनआन्दोलनमा घाइते भएका गोकर्ण तिवारीलाई सम्मान गरिएको छ । बिहीबार भण्डारीको ७२ औं जन्मजयन्तीका अवसरमा तिवारीलाई नगद २५ हजार सहित सम्मान गरिएको हो ।

मदन भण्डारी फाउन्डेसनको आयोजनामा भएको कार्यक्रममा फाउन्डेसनका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्य तथा फाउन्डेसनका जिल्ला अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागीहरुले शहीद स्मारकमा रहेको जननेता मदन भण्डारीको प्रतिमामा माल्यार्पण गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले नेपालको कम्युनिस्ट आन्दोलनमा मदन भण्डारीको नाम सधैं अग्रपंक्तिमा रहने बताउनुभयो । उहाँले जननेता भण्डारीले नवीन सिद्धान्त प्रतिपादन गरि नयाँ सोच र नयाँ विचारलाई स्थापित गराएर कम्युनिस्ट आन्दोलनमा परिवर्तन गराएका कारण उहाँलाई सधैं सम्झने बताउनुभयो । नेपालको कम्युनिस्ट आन्दोलनलाई यहाँसम्म ल्याउन भण्डारीको ठूलो योगदान रहेकाले उहाँले देखाएको बाटो सबैले हिँड्न आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा नेकपा एमालेका पोलिटब्युरो सदस्य देवी ज्ञवाली, केन्द्रीय सदस्य रामेश्वर राना, संविधानसभा सदस्य अनन्त पौडेल, प्रदेशसभा सदस्य एकालाल श्रेष्ठलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा फाउन्डेसनले आयोजना गरेको सप्ताहब्यापी कार्यक्रममा उत्कृष्ट भएकाहरुलाई पुरस्कारसमेत वितरण गरिएको थियो ।

# गणित प्रयोगशाला निर्माण प्रयोग बारे तालिम

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मकवानपुर गढी गाउँपालिकामा गणित प्रयोगशाला निर्माण तथा प्रयोगसम्बन्धी तालिमको आयोजना गरिएको छ । मकवानपुर गढीस्थित शारदा माविमा मंगलबार, बुधबार र बिहिबार तीनदिन आयोजित तालिमको समापन कार्यक्रम मकवानपुर गढी गाउँपालिकाको शिक्षा शाखाका प्रमुख रामबहादुर घलानको अध्यक्षता तथा गणित शिक्षा परिषद् मकवानपुरका अध्यक्ष धनिकलाल साहको प्रमुख आतिथ्यमा भयो । तालिममा निमावि तहका शिक्षकको सहभागिता रहेको थियो । धनिकलाल साह, ईन्द्रबहादुर कार्की, ब्रजकिशोर प्रसाद गुप्ता, कमल दाहाल, शंकर भण्डारी, सविता अधिकारी, सविता वाईबाले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो ।

## विजय युथ गोल्डकप

# उपाधिका लागि आयोजक र पदमपोखरी युनाइटेड भिड्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी विजय युथ गोल्डकपको फाइनल खेल आज शुक्रबार हुँदैछ । विजय युथ गोल्डकपको उपाधिका लागि आयोजक टिम एफसी विजय युथ र पदमपोखरी युनाइटेड भिडदैछन् । खेल हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रङ्गशालामा हुनेछ ।

बुधबार भएको पहिलो सेमिफाइनल खेलमा पदमपोखरीले हेटौंडा फुटबल एकेडेमीलाइ २–१ गोलले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । पदमपोखरीको तर्फबाट दिपेश आले मगरले पहिलो हाफको ३५ औ मिनेटमा र दोस्रो हाफको ३४ औं मिनेटमा निर्णायक गोल गरेर टिमलाई फाइनलमा पुर्‍याएका थिए ।

दोस्रो सेमिफाइनल खेल आयोजक टिम र चाइना पब्लिकबीच भएको थियो । बुधबार समय अभावका कारण स्थगित भएको खेलमा आयोजक टिमले चाइना पब्लिकलाई २–० गोलले पराजित गर्दै फाइनल प्रवेश गरेको हो । आयोजक टिमको तर्फबाट बुधबार पहिलो हाफको १६ औं मिनेटमा मुसाले गोल गरेका थिए । त्यस्तै, बिहीबार मारटिनले ८७ औं मिनेटमा निर्णायक गोल गर्दै टिमलाई विजयी गराएका थिए ।

प्रतियोगिताको विजेताले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछ । त्यस्तै सर्वोत्कृष्ट खेलाडीलाई ५ लाख बराबरको बीमा, नगद १० हजार, विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकलाई जनही नगद ५ हजार प्रदान गरिनेछ । प्रतियोगितामा जम्मा १६ वटा टिमको सहभागिता रहेको थियो ।

# भारतीय वृद्धा मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-६ लच्का कल्लेखोलामा भारतीय वृद्धा मृत फेला परेका छन् । भारतको मोतिहारी ठाना थम्पापुर घर भई हाल मनहरी-६ मा डेरा गरी बस्ने ७० वर्षीया किस कुमारीको सुतिरहेकै बेला मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बुधबार राती खाना खाएर सुतेकी कुमारी बिहिबार बिहान मृत फेला परेको प्रहरीले जनाएको छ ।

स्वादिष्ट नेवारी खाजा




अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं ।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# सिन्धुलीमा दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुलीमा भएको सवारी दुर्घटनामा एकैदिन २ जनाको मृत्यु भएको छ । २ जना घाइते भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सिन्धुलीको सुनकोशी गाउँपालिका-६ घुमाउने चैनपुरमा मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषा जिला सबैला नगर पालिका-४ का ४४ वर्षीय राजकुमार साह रहेको प्रहरी जानकारी दिएको छ ।

बुधबार बिहान १० बजेको समयमा काठमाडौंबाट सिन्धुली जाँदै गरेको म.प्र. ०२-००६ प ०५३६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा चालक साह गम्भीर घाइते भएका थिए । घाइते साहलाई उपचारका लागि आत्मीय अस्पताल खाल्टे लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मोटरसाइकलको पछाडी सवार ३६ वर्षीया अन्जु साह सामान्य घाईते भएकी छिन् । घाइते अन्जुको आत्मीय अस्पताल खाल्टमा उपचार भइरहेको छ ।

यस्तै, सिन्धुलीको दुधौली नगरपालिका-५ कुलुवामा दुई वटा मोटर साइकल एक आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुने ३० वर्षीय अनिल गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बिहान १० बजेर २० मिनेटको समयमा डकाहाबाट दुधौली जाँदै गरेको स १० प २७१४ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको प्र १ ०५-००१ प ४८६५ नम्बरको मोटरसाइकल ठोकिएर दुर्घटना भएको हो । दुर्घटनामा गुरुङ गम्भीर घाइते भई उपचारका लागि अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । यस्तै प्र १-०५-००१ प ४८६५ को चालक पनि गम्भीर घाइते भएका छन् । चालक उदयपुर जिल्ला कटारी नगरपालिका-४ बस्ने २५ वर्षीय रवानी शेख रहेको प्रहरीले जानकारी दिएको छ । शेखको उपचार भइरहेको प्रहरीले जनाएको छ ।



**शुक्रबारीय क्रियाकलाप**: हेटौँडा-१८, दोभानचौरस्थित कमला आधारभूत विद्यालयमा गत शुक्रबार विद्यार्थीको कपाल काट्नुहुँदै शिक्षकहरु । विद्यार्थीको सर सफाईसम्बन्धी क्रियाकलापअन्तर्गत शिक्षकहरुले नै विद्यार्थीको कपाल काटिदिनुभएको हो । पछिल्लो समय मकवानपुरका अधिकांश विद्यालयमा शुक्रबारीय क्रियाकलापअन्तर्गत रचनात्मक कार्य गर्ने क्रम बढेको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा कृषि बजार
हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

सेवाहरू



- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९

